# गोलबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
गोलबजार, सिरहा
मधेश प्रदेश, नेपाल

www.golbazarmun.gov.np
golbazarmun@gmail.com
033-540099

प. सं. : २०७९/८०
च. न. :

## नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन कार्यको प्रारम्भिक वातावरणीय अध्ययन (IEE) कार्य सम्बन्धी सार्वजनिक सुनुवाइको सूचना

## ( मिति सच्याइएको प्रति )

**प्रथम पटक प्रकाशित सूचना मिति २०७९/०६/११**

उपरोक्त सम्बन्धमा यस गोलबजार नगरपालिका अन्तर्गत मैनावती,गागन र घुर्मी खोलाको तपसिलका क्षेत्रहरु र आसपासबाट ढुङ्गा,गिट्टी,बालुवा जस्ता नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन कार्यलाई व्यवस्थित गर्न वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ तथा वातावरण संरक्षण नियमावली, २०७७ को नियम ३ र अनुसूची २ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षणको प्रस्ताव कार्यान्वयन गर्दा प्रस्तावित क्षेत्रहरुको भौतिक, जैविक, सामाजिक, संस्कृतिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलापहरुमा के कस्तो प्रभाव पार्छन् भनी अध्ययन गर्न आवश्यक पर्दछ।

यस सम्बन्धमा उक्त प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुका साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण तथा साकारात्मक प्रभाव पार्नेबारे प्रभावित क्षेत्रका विभिन्न निकाय, व्यक्ति, संस्था तथा सरोकारवालाहरु र प्रस्तावक बिच अर्न्तक्रिया गरी विचार,राय/सुझाव सङ्कलन गर्नको लागि तपसिलका मिति, समय र स्थानमा सार्वजनिक सुनुवाइ हुने भएकोले सरोकारवाला सबैमा उपस्थित भइदिनुहुन अनुरोध छ।

**तपसिल**

| क्र.सं. | नदी तथा खोलाको नाम | मुख्य स्थानहरु | मिति,समय र स्थान |
|---|---|---|---|
| १ | गोलबजार नगरपालिका अन्तर्गत मैनावती खोला क्षेत्र | चन्द्रलालपुरदेखि बल्कवा वडा नं. ४,६,७,८ र ११ | २०७९/०६/२५<br>७ नं.वडा कार्यालय<br>समय दिनको ११:००बजे |
| २ | गोलबजार नगरपालिका अन्तर्गत गागन खोला क्षेत्र | लालपुर देखि असनपुरसम्मका गांगन खोलाको किनारका बस्तीहरु वडा नं.१,२ र ५ | २०७९/०६/२६<br>२ नं.वडा कार्यालय,<br>समय दिनको ११:००बजे |
| ३ | गोलबजार नगरपालिका अन्तर्गत घुर्मी खोला क्षेत्र | कमलदहको मुखदेखि दक्षिण पूर्व पश्चिम राजमर्गको घुर्मी पुल देखि १ किलोमिटर उत्तरसम्म वडा नं.९ र १० | २०७९/०६/२७<br>९ नं.वडा कार्यालय,<br>समय दिनको ११:००बजे |

.........................
अनन्त कुमार पौड्याल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत